फो.नं.५६०११८
फ्याक्स ५६१३८०
दमकल ५६०४९९

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

प.सं.:२०७८/०७९ (कानून शाखा)
च.नं. ८६२

## सूचना ! सूचना !! सूचना !!!

(प्रथम पटक प्रकाशित मितिः-२०७८/०५/२०)

यस टीकापुर नगरपालिका न्यायिक समितिको मिति २०७८/०५/२० गते बसेको बैठकको निर्णय नं. १ अनुसार नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकारको सूचीमा रहेको मेलमिलाप र मध्यस्थता सम्वन्धी व्यवस्था तथा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम गठन हुने न्यायीक समितिले सोही ऐनमा उल्लेख गरिएका विवाद मेलमिलापको माध्यामबाट समाधान गर्ने कार्यमा सहयोग गर्नुका साथै न्यायिक कार्य छिटो, छरितो, सरल, सहज रुपमा सम्पादन गर्नका लागी बडा नं. १ देखी ९ सम्म गठन गरिएका मेलमिलाप केन्द्रमा मेलमिलापकर्ताहरुको आवश्यक्ता पर्न गएको हुँदा सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७८/०६/०३)भित्र यस कार्यालयमा गत आ.व.०७७/०७८मा सूचिकृत भएका मेलमिलापकर्ताहरुलाई अद्यावधिका साथै नयाँ सूचिकृत हुन चाहने मेलमिलापकर्ताहरुका लागि निवेदन पेश गर्न हुन यो सूचना आव्हान गरिएको छ।

**तपशिल**

(क) कम्तिमा माध्यामिक तह उत्तिर्ण गरेको,
(ख) कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सकिय नरहेको,
(ग) मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिई मेलमिलाप कर्ताको कार्य गर्दै आएको,
(घ) २५ वर्ष उमेर पुरा गरेको,
(ङ) माथी योग्यतामा जुन सुकै कुरा लेखिएको भएता पनि तालिम लिई हाल काम गरिरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिनेछ।
(च) टीकापुर नगरपालिकाको स्थायी बासिन्दा भएको हुनुपर्नेछ।
(छ) नेपाली नागरिक हुनु पर्नेछ।

**आवश्यक कागजातहरु :**

(क) नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपी,
(ख) शैक्षिक योग्यताको हकमा प्रमाण पत्रको प्रतिलिपी,
(ग) मेलमिलाप सम्वन्धि तालिमको प्रमाण पत्रको प्रतिलिपी,
(घ) स्थायी बसोवास सम्वन्धि प्रमाण पत्रको प्रतिलिपी (अन्यत्रबाट बसाई सरी आएका व्यक्तिको हकमा)
(ङ) हालसालै खिचेको २ प्रति फोटो,
(च) सक्कलै निवेदन
(छ) गत आ.व.मा सूचिकृत भै चालु आ.व.मा अद्यावधि गर्नु पर्ने मेलमिलापकर्ताहरुका लागी निवेदन मात्र भए पुग्नेछ।
(ज) तोकिएको समय नाघी दर्ता भै आएका निवेदन माथी कारवाही गर्न कार्यालय बाध्य हुने छैन।

..........................
(दमन सिंह चौधरी)
नि. प्रमुख प्रशासकिय अधिकृत

निमित प्रमुख प्रशासकीय अधिकृत